# बाँझो जग्गा उपयोग अनुदान कार्यविधि- २०८२

पारित भएको मितिः २०८२/१२/१०
प्रकाशन मितिः २०८२/१२/११

बाँझो जग्गा उपयोग अनुदान कार्यविधि- २०८२

खप्तड छेडेदह गाउँपालीका अन्तर्गत कृषि योग्य जमिनको उपयोग गरी अनुपस्थित भू- स्वामित्वलाई निरुत्साहित गरी कृषि व्यवसायबाट स्वरोजगारी सिर्जना गरी सम्भावि भोकमरी कुपोऋण निर्मुल गरी पोषण, खाद्य सुरक्षा खाद्य सम्प्रभुतालाई प्रवर्द्धन गर्नका लागि स्थानिय सरकार संचालन ऐन २०७४को दफा ११ण (१) ले दिएको अधिकार परयिग गरी यो कार्यविधि बनाई लागु गरेको छ।

परिच्छेद-१

क) संक्षिप्त नाम र प्रारम्भ

अ) यो कार्यविधिको नाम बाँझो जग्गा उपयोग अनुदान कार्यविधि- २०८२ रहनेछ।

आ) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

इ)यो कार्यविधि खप्तड छेडेदह गाउँपालिका भरी लागु हुनेछ।

परिच्छेद-२

ख) विषय र प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस कार्यविधिमा,

अ) गाउँपालिका भन्नाले खप्तड छेडेदह गाउँपालिका जनाउँछ।

आ) अध्यक्ष भन्नाले गाउँपालिका अध्यक्षलाई जनाउँछ।

इ) कृषि विकास शाखा भन्नाले यस गाउँपालिका को कृषि विकास शाखालाई जनाउँछ।

ई) समिति भन्नाले कृषक छनौट समिति जनाउँछ।

उ) बाँझो जमिन भन्नाले कृषि योग्य भुमि भएर पनि कम्तिमा ३ वर्ष सम्म पनि खेती नभई खाली रहेको जमिनलाई लनाउँछ।

ऊ) खाद्यन्न बाली भन्नाले दान, मकै, गहुँ, जौ, कोदो लगायतका बालीलाई जनाउँछ।

ए) तरकारी बाली भन्नाले हरियो साग, लहरे तरकारी बाली, बन्दा , काउली सिमि बोडी लगायत बालीलाई जनाउँछ।

ऐ) मसला बाली भन्नाले खुर्सानी, बेसार, अदुवा लगातयका बालीलाई लनाउँछ।

ओ) फलफुल बाली भन्नाले हिउँदे र वर्षे लगायतकालाई जनाउँछ।

खप्तड छेडेदह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डोगडी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

कृष्ण राज जोशी
प्रमुख प्रशासकिय अधिकृत

औ) लाभग्राही किसान भन्नाले छनौट समितिले छनौट गरेका बाँझो जग्गामा खेती गर्नका लागि करार भएका किसान लाई जनाउँछ।

परिच्छेद-३

ग) बाँझो लमिनको लगत राखे:

अ) यो कार्यविधि प्रारम्भ भए देखि बाँझो जग्गाको लगत राख्ने कार्य प्रारम्भ हुनेछ।

आ) बाँझो जग्गाको एकिकृत लगत राख्ने मुख्य काम गाउँपालिकाको कृषि शाखाले गर्नेछ।

इ) लगत राख्ने काम अनुसूची-१ बमिजिमको ढाँचामा राख्नु पर्ने छ।

ई) यस खप्तड छेडेदह गाउँपालिका भित्र लगत राख्ने प्रयोजनको लागि जुनसुकै खेतीयोग्य जमिन खाली रहेको विवरण उपलब्ध गराउन गाउँपालिका कृषि विकास शाखाले प्रत्येक वडा कार्यालय मार्फत सार्वजनिक ७ दिने सुचना प्रकाशित गर्नेछ।

उ) नियम (घ) बमोजिम सार्वजनिक सुचना जारी भए पछि आफ्नो जग्गाको विवरण उपलब्ध अनिवार्य रुपमा नजिकको वडा कार्यालयलाई सम्भावित जग्गाधनि वा नजिकको हकवालाले गर्नुपर्ने छ।

ऊ) बाँझो जग्गाको लगत राख्ने क्रममा जग्गाधनीलाई अनुसूची-३ बमोजिमको फारम अनिवार्य रूपमा भराउनु पर्नेछ।

घ) अनुदान उपलब्ध गराउने आधारहरू

अ) दुई वा दुई भन्दा बढी वर्ष खरती नगरीएको खाली भएको जमिनलाई मात्र अनुदान उपलब्ध गराइने छ

आ) दुई वा दुई भन्दा बढी वर्ष खेती नगरी बाँझो रहेको जग्गामा यस कार्यविधि बमोजिमको सर्त र मापदण्ड बमोजिम खेतीपाती गरेमा स्वयम जग्गा धनी निजको अंशियार वा सो को भन्दा बाहेकको जो कोही वा फर्मले खेती वाली लगाएको अबस्थामा समेत अनुदान दाबी गर्न सक्नेछन।

इ) उत्पादन खेती गरिएको क्षेत्रफल तथा कार्यक्रमको आधारमा अनुदान उपलब्ध गराउन सकिनेछ।

ई) अनुदान सम्बन्धी मापदण्ड अनुसूची-३ बमोजिम हुनेछ।

उ) अनुदान उपलब्ध गराउदा वडा कार्यालयको अनुगमन प्रतिवेदनलाई आधार बनाईनेछ।

ङ) बजेट सम्बन्धी व्यवस्था

अ) बाँझो जग्गामा खेतीपाती गर्ने कृषकलाई उपलब्ध गराइने बजेटको व्यवस्था गाउँसभाले गर्नेछ।

आ) अनुदान स्थानीय बजेट भित्र समावेश गरेर उल्लेखित मापदण्डको आधारमा मात्र उपलब्ध गराइनेछ।

कृष्ण राज जोशी
प्रमुख प्रशासकिय अधिकृत

च) भुक्तानि प्रक्रिया

अनुदान रकम र भुक्तानी प्रक्रिया देहायबमोजिमको आधारमा हुनेछ।

अ) कार्यक्रम संचालनका लागि अनुसूचीमा उल्लेखीत भएको मापदण्डको आधारमा अनुदान प्रदान गरिनेछ, अन्य स्रोत आवेदक आपै यवस्जा गर्नुपर्नेछ।

आ) अनुदान दावी गर्दा देहाय बमिजिम कागजात पेश गर्नु पर्नेछ

१ निवेदन

२ स्वघोषणा

३ नागरिकताको प्रतिलिपि

४ जग्गाधनी प्रमाण प्रत्रको प्रतिलिपि

छ) बाँझो जग्गा भाडामा दिनु पर्ने अवस्था बारे

आफुले आफ्नो बाँझो जमिन खेती गर्न असमर्थन भएमा गा.पाले तोकेको दरमा निजले इच्छुक व्यक्तिलाई सम्झौताको आधारमा खरती गर्नु पर्नेछ।

स्पष्टिकरणः बाँझो जमिनको भाडा प्रति रोपनी खेतको रु. ५०० र पाखोको रु. ४०० मा उपलब्ध गराउनु पर्नेछ।

परिच्छेद-६

छनौट प्रक्रिया

ज) सार्वजनिक सुचना जारी भएपछि प्राप्त निवेदनको आधारमा छनौट प्रक्रिया देहाय बमोजिम हुनेछ।

अ) बाँझो जमिनमा खाद्यान्न वा नगदे बाली जगाउन चाहने कृषकले सार्वजनिक सुचना प्रकाशित भएको २१ दिन भित्र नजिकको वडा कार्यालय वा गाउँपालिकाको कृषि शाखामा निवेदन दिन सकिनेछ।

आ) निवेदन संकलन भइसकेपछि छनौट प्रक्रिया आरम्भ हुनेछ उपलब्ध जमिनको अबस्था र निवेदकको संख्यासंग सन्तुलन कायम गरी सरवाग्राहि किसान छनौट प्रक्रिया शुरु हुनेछ।

इ) छनौट प्रक्रिया दर्ता किसान वा कृषि फर्म र असंगठित क्षेत्रमा रिजगारी गुमाएका किसान तथा विपन्न महिलाहरुलाई प्राथमिकता दिइनेछ।

झ) उपनियम क,ख,ग,घ बमोजिम कृषकहरुको छनौट गर्न देहाय बमोजिम समिति रहनेछ।

कृष्ण राज जोशी
प्रमुख प्रशासकिय अधिकृत

१) गाउँपालिका अध्यक्ष- संयोजक

२) आर्थिक विकास समितिको संयोजक- सदस्य

३) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

४) गाउँपालिकाको प्रशासन अधिकृत- सदस्य

५) कृषि शाखा प्रमुख- सदस्य सचिब

बैठक सम्बन्धी कार्यविधि समिति आफैले व्यबस्थित गर्ने छ। बैठक आवश्यकता अनुसार अध्यक्षले तिकरको समय र आवश्यकता बमोजिम बस्नेछ।

ञ) समितिको सचिवालय सम्बन्धी व्यवस्थाः

अ) छनौट समितिको सचिवालय कृषि शाखामा

आ) सचिवालयले यस कार्यविधि कार्यान्वयन गर्ने , छनौट समितिको निर्णय कार्यन्वयन गर्नुका अतिरिक्त अन्तर शाखा समन्वय वडा कार्यालयसंग समन्वय गर्ने काम गर्नेछ।

ट) संशोधनः यस कार्यविधि संशोधन आवश्यकता बमोजिम गाउँकार्यपालिकाले गर्नेछ।

ठ) बाधा अड्काउ फुकाउः यस कार्यविधि कार्यन्वयनमा दुविधा आएमा गाउँकार्यपालिकाले तत् बिषयमा उपयुक्त आदेश जारी गर्न सक्नेछ।

अनुसूची-१

| क्र.स | जग्गसधनी नाम सहित तीनपुस्ते विवरण | जग्गा धनीको ठेगाना | कि.न. | जग्गाको क्षेत्रफल रोपनी | जग्गाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

केदारसेउ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डोगडी, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल

कृष्ण राज जोशी
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-२

| बालीको नाम | अनुदान / प्रतिरोपनी | कैफियत |
|---|---|---|
| खाद्यन्न बाली | | जग्गाको क्षेत्रफल र उत्पादनका समेत अनुगमन प्रतिवेदनलाई आधार बनाइनेछ |
| तरकारी बाली | | |
| मसला बाली | | |
| फलफुल बाली | | |
| अन्य | | |

अनुसूची-३

बाँझो जमिन तथ्याङ्क संकलन फारम

१) वडा नम्बरः

२) टोल/बस्तिको नामः

३) जग्गा धनीको नामः

४) हाल जग्गा धनी स्थायी रुपले बस्ने ठेगानाः

गाउँ ☐ जिल्ला भित्र तर अन्य ठाउँमा ☐ जिल्ला बाहिर ☐

५)जमिन बाँझो हुनको कारणः

६)जग्गा धनि खेति सुरु गर्न इच्छुक छन् ?

छन् ☐ छैन ☐

७)यदि छन् भने योजना के कस्तो छ ?

८)यदि छैन भने खेति नगर्नु को कारण ?

९) के जग्गा धनि जग्गा अरुलाई भाडा मा दिन तयार छन् ?

छन् ☐ छैन ☐

कृष्ण राज जोशी
प्रमुख प्रशासकिय अधिकृत